धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनूसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# आ.ब. २०७६/०७७ को तेस्रो त्रैमासिक प्रतिवेदन

# यूनिभर्सल पावर कम्पनी लिमिटेड

तेस्रो तल्ला, ब्लूस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं ।
फोन : ०१-४२५१४६३/४१०१०९७

१. **वित्तीय विवरणः**

क) आ.ब. २०७६/०७७ को तेस्रो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण ।

वित्तीय अवस्थाको विवरण (रकम रू. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | चैत्र मसान्त २०७६ सम्ममा | पौष मसान्त २०७६ सम्ममा | चैत्र मसान्त २०७५ सम्ममा |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| कार्यालय उपकरण | १,६२३,५३८.०७ | १,२८७,९८४.५१ | ९१,७९७.७४ |
| पूँजीगत कार्य प्रगति | २,०७४,७२३,९७१.४६ | २,०११,८५२,९९३.०० | १,६१७,९४९,४९१.९३ |
| शेयर लगानी | १४४,२३०,४००.०० | १४४,२३०,४००.०० | १४४,४३०,४००.०० |
| जम्मा गैह्र चालु सम्पत्ति | २,२२०,५७७,९०९.५२ | २,१५७,३७१,३७७.५१ | १,७६२,४७१,६८९.६८ |
| **चालु सम्पत्ति** | | | |
| मुद्दती निक्षेपमा लगानी | ७९५,०००,०००.०० | ५८५,०००,०००.०० | १७५,०००,०००.०० |
| नगद तथा बैंक मौज्दात | १७९,३०५,५२२.०६ | ३८७,९६८,०५४.४८ | ८९८,९००,२९१.६० |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | २७७,७२७,५०८.४२ | २६८,७१२,०५४.९६ | २४४,०२७,७४८.३४ |
| जम्मा चालु सम्पत्ति | १,२५२,०३३,०३०.४८ | १,२४१,६८०,१०९.४४ | १,३१७,९२८,०३९.९४ |
| **जम्मा सम्पत्ति** | ३,४७२,६१०,९४०.०० | ३,३९९,०५१,४८६.९५ | ३,०८०,३९९,७२९.६२ |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूँजी | २,१००,३५०,०००.०० | २,१००,३५०,०००.०० | २,१००,३५०,०००.०० |
| जगेडा कोष र संचित नाफा | ८६,८३४,३४५.२६ | ७४,७३२,४०४.८७ | १,५०५,०४८.९३ |
| जम्मा पूँजी तथा जगेडा कोष | २,१८७,१८४,३४५.२६ | २,१७५,०८२,४०४.८७ | २,१०१,८५५,०४८.९३ |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | १,१८६,६१०,५११.३५ | १,१४०,४७९,२९५.३७ | ८८८,६०५,६३८.८६ |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | ५२,५१६,३६४.७९ | ५२,५३०,९४८.७३ | ४३,५१९,८७५.६५ |
| अल्पकालीन बैंक ऋण | २१,३०६,९००.५० | १०,०००,०००.०० | ४५,०००,०००.०० |
| अन्य व्यवस्थाहरू | २४,९९२,८१८.११ | २०,९५८,८३७.९८ | १,४१९,१६६.१८ |
| जम्मा चालु दायित्व तथा व्यवस्थाहरू | ९८,८१६,०८३.४० | ८३,४८९,७८६.७१ | ८९,९३९,०४१.८३ |
| **जम्मा पूँजी तथा दायित्व** | ३,४७२,६१०,९४०.०० | ३,३९९,०५१,४८६.९५ | ३,०८०,३९९,७२९.६२ |

**आय विवरण (रकम रू. मा)**

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | चैत्र मसान्त २०७६ सम्ममा | पौष मसान्त २०७६ सम्ममा | चैत्र मसान्त २०७५ सम्ममा |
| **आम्दानी** | | | |
| **विद्युत बिक्रीबापत् आम्दानी** | - | - | - |
| अन्य आम्दानी | ६२,०८९,२६८.७२ | ४५,०२४,०६१.२२ | ११,०७१,३३५.२६ |
| जम्मा आम्दानी | ६२,०८९,२६८.७२ | ४५,०२४,०६१.२२ | ११,०७१,३३५.२६ |
| **खर्च** | | | |
| प्रशासनिक खर्च | (५,२०५,०४९.८१) | (४,४६६,४२७.६६) | (५,३७१,७२१.११) |
| ह्रासकट्टी | (३७४,६६२.६३) | (१८३,९९७.७९) | (२२,९४९.४४) |
| जम्मा खर्च | (५,५७९,७१२.४४) | (४,६५०,४२५.४५) | (५,३९४,६७०.५४) |
| आयकर अघिको नाफा | ५६,५०९,५५६.२८ | ४०,३७३,६३५.७७ | ५,६७६,६६४.७२ |
| चालू वर्षको आयकर व्यवस्था | (१४,१२७,३८९.०७) | (१०,०९३,४०८.९४) | (१,४१९,१६६.१८) |
| आयकर कट्टी पछिको नाफा | ४२,३८२,१६७.२१ | ३०,२८०,२२६.८३ | ४,२५७,४९८.५४ |

**नोटः** माथि उल्लेखित अंकहरू आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिनेछ । लेखा परीक्षण नभएका अंकहरू लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

ख) प्रमुख वित्तीय अनुपातहरूसम्बन्धी विवरण निम्नाअनुसार छन् ।

| अवधि | प्रतिशेयर आम्दानी रू. (वार्षिकीकरण) | प्रतिशेयर नेटवर्थ रू. | तरलता अनुपात | प्रति शेयर कूल सम्पत्तिको मूल्य | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्यसम्ममा | २.६९ | १०४.१३ | १२.६७ | १६५.३३ | २७.१३ |

२. **व्यावसायिक विश्लेषणः**

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारणसम्बन्धी विवरणः** हाल जलविद्युत आयोजना निर्माणाधिन अवस्थामा रहेकोले आयोजनाको व्यापारिक उत्पादन सुरू भइनसकेको हुनाले संस्थाको विद्युत बिक्रीबाट आम्दानी रहेको छैन ।

**ख) आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः** हाल यस संस्थाले दोलखा जिल्लामा अवस्थित खारे खोलामा निर्माण गरिरहेको तल्लो खारे खोला जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण अन्तिम चरणमा रहेको छ। कम्पनीले माथिल्लो इङ्खु खोला जलविद्युत आयोजनाको अध्ययन गरिरहेको छ। यस कम्पनीले कसुवा खोला जलविद्युत आयोजना (४५ मे.वा.) निर्माण गर्न लगानी गर्ने सम्झौता गरेको छ ।

**ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सोसम्बन्धी विश्लेषणात्मक विवरणः** नभएको ।

३. **कानूनी कारबाहीसम्बन्धी विवरणः** यस त्रैमासिकमा संस्थाले कसै विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र संचालक विरूद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन ।

४. **संस्थाको शेयर कारोबारसम्बन्धी विश्लेषणः** (क) धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसारः

| | |
|---|---|
| अधिकतम मूल्य रू. | ९१.०० |
| न्यूनतम मूल्य रू. | ६९.०० |
| अन्तिम मूल्य रू. | ७३.०० |
| कारोबार भएको कूल दिन | ४६.०० |
| कारोबार संख्या | २४२४.०० |

**ख) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः** यस संस्थाको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

५. **समस्या तथा चुनौतीः** तल्लो खारे खोला जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण कार्य सम्पन्न गर्नुपर्ने सुरूको कार्यक्रमलाई २०७२ सालको महाभुकम्प, त्यसलगतै नेपाल भारत सिमा अवरोध र नेपाल विद्युत प्राधिकरणबाट ट्रान्समिशन लाईनको निर्माणमा भएको ढिलाईले आयोजनाको विद्युत उत्पादन हुने मिति संशोधन हुने क्रममा छ। साथै हाल विश्वभरी माहामारीको रूपमा फैलिरहेको कोभिड-१९ नेपालमा पनि देखिएकोले यस माहामारीबाट बच्न तथा रोकथामको लागि नेपाल सरकारले मिति चैत्र ११, २०७६ देखि नेपाल अधिराज्य भरी लागू हुने गरी गरेको बन्दाबन्दी (Lockdown) को कारणले आयोजनाको ट्रान्समिशन लाईन र इलेक्ट्रो मेकानिकलको निर्माण कार्य गर्न सकिएको छैन् ।

६. **संस्थागत सुशासनः** संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

७. **सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।